Contra Costa County
County Administrator's Office • 1025 Escobar Street • Martinez, CA 94553 • www.contracosta.ca.gov

**न्युज रिलिज**
अप्रिल 26, 2023

सम्पर्क: Kristi Jourdan, 925-313-1183
Kristi.Jourdan@contracostatv.org

# सुपरभाइजर्स बोर्डले मे 9 मा एसियाली अमेरिकी, मूल हवाइवासी र प्रशान्त द्वीपवासी उत्सवको आयोजना गर्न गइरहेको छ

(Martinez, CA)- Contra Costa काउन्टी सुपरभाइजर्स बोर्डले आफ्नो **मे 9 तारिक मङ्गलबारका दिन बिहान 9:30 बजेको** उत्सवको अवधिमा एसियाली अमेरिकी, हवाइ मूलवासी र प्रशान्त द्वीपवासी (AANHPHI) संस्कृति र परम्पराहरू मनाउने छ। यस वर्षको नारा "हाम्रो सम्पदा, लचिलोपन र विरासतको उत्थान" रहेको छ।

बोर्डका अध्यक्ष सुपरभाइजर John Gioia ले "हाम्रो काउन्टीको कपडा एसियाली अमेरिकी, हवाइ मूलवासी र प्रशान्त द्वीपवासी समुदायहरूको संस्कृति, भाषा, खाना र परम्पराले बुनेको छ" भन्नुभयो। "बढ्दो एसियाली विरोधी घृणाको समयमा, हामी AANHPI समुदायका सदस्यहरू विरुद्ध हुने कुनै पनि हिंसाको निन्दा गर्छौं र हाम्रा छिमेकीहरूसँगको ऐक्यबद्धतामा अडीग छौं।"

AANHPI समारोहमा अतिथि वक्ता Andi Li हुनुहुन्छ र उहाँले खाडी क्षेत्रमा रहेका एसियाली प्रशान्त द्वीपवासी सार्वजनिक मामिला संघको ट्राइ-भ्याली च्याप्टर स्थापना गर्नुभएको र यसको च्याप्टर अध्यक्षका रूपमा सेवा गर्नुभएको थियो। गैर-नाफामूलक संस्था र सरकारद्वारा नियुक्त पदहरूमा वर्षौं सेवा गरेपछि, Andy 2018 मा Contra Costa कम्युनिटी कलेज डिस्ट्रिक्ट गभर्निङ बोर्डमा निर्वाचित हुनुभएको थियो र 2021 मा बोर्ड अध्यक्षको पदमा निर्वाचित हुनुभएको थियो।

यस समारोहमा नेपाली, कोरियन, फिलिपिनो, चिनियाँ, भियतनामी, कम्बोडियन, लाओ, थाई र बर्मेली समुदायहरूलगायत Contra Costa काउन्टीमा प्रतिनिधित्व गर्ने केही एसियाली र प्रशान्त द्वीपवासी समुदायहरूबाट नृत्य, सङ्गीत, खाद्यान्न र अद्वितीय चलनहरू प्रदर्शन गरिने छ। बहुसांस्कृतिक समारोह काउन्टीको वेबसाइटमा Zoom मार्फत आठ वटा भाषा: टागालग, मान्डारिन, क्यान्टोनिज, नेपाली, पञ्जाबी, कोरियन, स्पेनिस र अमेरिकी साङ्केतिक भाषा (ASL) मा एकैसाथ अनुवादनसहित प्रस्तुत गरिने छ।

समुदायले यो कार्यक्रम अनलाइन www.contracosta.ca.gov/6086 वा www.contracostatv.org मा हेर्न सक्नुहुन्छ। Contra Costa Television (CCTV) च्यानलहरू: AT&T U-Verse 99, Comcast 27 वा Astound 32 & 1027 मा हेर्नुहोस्। टेलिभिजन दर्शकहरूले मान्डारिन भाषामा व्याख्या सुन्नका लागि SAP सक्षम गर्न सक्नुहुन्छ। एसियाली अमेरिकी, हवाई मूलवासी र प्रशान्त द्वीपवासी (AANHPI) समारोहका बारेमा थप जान्नुहोस्।

###